# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७६।०१।१३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---

साझा प्रकाशन, क्षेत्रीय कार्यालय नेपालगंजमा सहायक द्वितीयस्तर पदमा कार्यरत बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं.-१३ बस्ने मुन्नी बस्नेतले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी जागिर खाने /पदोन्नती हुने मनसाय राखेको हुनाले छानबिन गरी नक्कली र किर्ते गर्नेलाई कानून बमोजिम कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले सरकारी सेवाको माथिल्लो पदमा प्रवेश गरी लाभ लिने मनसायले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, क्षेत्रीय कार्यालय, वाराणसी भारतबाट इण्टर (IA) परीक्षा उत्तीर्ण गरेको झुट्टा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरेको देखिंदा निजले साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज मुन्नी बस्नेतलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता